का.जि.प्र.का.द.नं. १००/०५९/६०
१३ माघ २०८२
मंगलबार
27 January 2026
Tuesday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ई-पेपर हेर्नु

वर्ष २४, अंक ५। पृष्ठ १० | Madhyanha National Daily | www.madhyanhadaily.com

# बालेनको क्रेजले छायामा रवि

**बालेन शाहलाई प्रधानमन्त्रीको उम्मेदवार प्रस्ताव गरेर मधेसको जनमत प्रभावित पार्ने सभापति रविको रणनीतिले अन्तत: उनी आफैं छायामा पर्ने परिस्थिति बनेको छ । लामिछानेको क्रेज घटेको छनक जनकपुर सभामै देखिएको थियो ।**



**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, १२ माघ

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)द्वारा भावी प्रधानमन्त्रीका रूपमा अघि सारिएका नेता बालेन्द्र शाह 'बालेन' पूर्वी नेपालमा एक फन्को लगाएर पश्चिमतर्फ लागेका छन् । सिनेमाको नायक शैलीमा उनको दौडाहा चलिरहँदा स्वागतमा ठुलै भिडभाड देखिन थालेको छ । बिहानभरको बाक्लो कुहिरोले सोमबार ढिलोगरी नेपालगन्ज ओर्लिएका शाहले गाडीको रुफटपबाटै विमानस्थलदेखि नेपालगन्जसम्म स्वागत ग्रहण गरे । बासगढी र गुलरियामा पनि उसैगरी समर्थक ओइरिए । बालेनप्रति देखिएको यो क्रेजले रास्वपाका सभापति रवि लामिछानेलाई नै छायामा पारिदिएको छ ।

बालेनले ४ माघमा काठमाडौं महानगरको मेयरबाट राजीनामा दिएका वनस्थलीस्थित रास्वपाको केन्द्रीय कार्यालय पुगेर वरिष्ठ नेताको पदवहाली गरेका थिए । त्यहाँ शुभेच्छुक, समर्थक तथा रास्वपाका नेता तथा कार्यकर्ताहरूले उनको भव्य स्वागत गरे । वनस्थलीबाट सिधै विमानस्थलतर्फ लागेका बालेन र लामिछानेले भोलिपल्ट जनकपुरबाट चुनावी अभियान थालेका थिए । सो सभामार्फत सिंगो मधेसमा बालेनको पक्षमा नयाँ लहर चलेको दाबी रास्वपा नेताहरूको छ । ६ माघमा झापा-५ मा मनोनयन दर्ता गर्दासमेत उनको पक्षमा ठुलै जुलुस निस्केको थियो । लगत्तै उनी कोशी प्रदेशका पहाडी जिल्लाहरूमा एक फन्को मारेर काठमाडौं फर्किए । तर सभापति लामिछाने भने जनकपुरबाटै छायामा परे । सहकारी ठगीसम्बन्धी मुद्दाका कारण उनी चितवन-२ बाट मनोनयन दर्ता गर्नसमेत आफैं उपस्थित हुन पाएनन् । जनकपुरपछि उनी सार्वजनिक सभामा खासै देखिएका छैनन् ।

बालेन काठमाडौं फर्किएपछि पनि पार्टी कार्यालय पुगेनन् । बरु आइतबार दिनभर काठमाडौं उपत्यकाका उम्मेदवारहरूलाई साथी कुमार बेनको ज्वागलस्थित घरमै बोलाएर एक्लाएक्लै भेटे । शाहले ज्वागललाई चुनावी अभियानको सर्म्पक कार्यालय नै बनाए । जहाँ रास्वपा प्रवेश गर्नुअघि पनि थुप्रै भेटघाट गरेका थिए । शाहलाई भेट्न ललितपुर-३ की उम्मेदवार तोसिमा कार्की, काठमाडौं-१ की रञ्जु दर्शना २ का सुनिल केसी, ७ का गणेश पराजुली, भक्तपुरका राजीव खत्रीसहित उपत्यकाका अधिकांश रास्वपा उम्मेदवार ज्वागल पुगेका थिए ।

भेटमा उनले खासै नबोले पनि चुनावपछि स्पष्ट बहुमतको सरकार बनाउने ढाडस उम्मेदवारलाई दिएका छन् । चुनावी परिणामबारे अहिल्यै आश्वस्त हुन नसकिए पनि बालेनप्रति देखिएको आकर्षणले सभापति लामिछानेलाई छायामा

>>> पृष्ठ २ मा

# चुनावी चन्दामा आयोगको नजर

## उम्मेदवारको सूचना संकलन गर्न बन्यो संयन्त्र




> राजनीतिक दल तथा उम्मेदवारहरूले चुनावी खर्चका नाममा लिने आर्थिक सहयोग (चन्दा) को पारदर्शिताबारे प्रश्न उठिरहेका बेला आयोगले निगरानी गर्ने संयन्त्र नै खडा गरेको हो ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १२ माघ

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले भावी प्रधानमन्त्रीका रूपमा प्रस्तुत गरेका बालेन्द्र शाह (बालेन) देशव्यापी प्रचारमा छन् । पूर्वी क्षेत्र हुँदै उनी पश्चिम क्षेत्र पुगेका छन् । यात्राका क्रममा बालेनले प्रयोग गरेको सवारीसाधनलाई लिएर सामाजिक सञ्जालमा प्रश्न उठेका छन् । रास्वपाले आधिकारिक रूपमा केही प्रतिक्रिया दिएको छैन ।

निर्वाचन आयोगले यस्ता गतिविधिको पनि अनुगमन गर्ने भएको छ । राजनीतिक दल र उम्मेदवारले निर्वाचन प्रचारप्रसारका नाममा के कति खर्च गर्छन् भनेर आयोगले सूचना संकलन गर्दै छ । यसका लागि अनुगमन अधिकृत नै तोकिएका छन् ।

कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रमुख कोष नियन्त्रकलाई निर्वाचन आचारसंहिता अनुगमन अधिकृत तोकिएको छ । जसलाई राजनीतिक दल वा उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा सार्वजनिक पद धारण गरेका व्यक्ति वा अन्य कुनै व्यक्तिले सरकारी कर्मचारी तथा सार्वजनिक सम्पत्तिको प्रयोग गरे/नगरेको यकिन विवरण तयार गर्ने जिम्मेवारी दिइएको छ ।

राजनीतिक दल, उम्मेदवार वा निर्वाचन प्रतिनिधिले निर्वाचन प्रचारप्रसारका लागि प्रचलित निर्वाचन कानुनविपरीत हुनेगरी सरकारी वा सार्वजनिक निकाय वा गैरसरकारी संघसंस्थाबाट कुनै

> राजनीतिक दल र उम्मेदवारले निर्वाचन प्रचारप्रसारका नाममा के कति खर्च गर्छन् भनेर आयोगले सूचना संकलन गर्दै छ । यसका लागि अनुगमन अधिकृत नै तोकिएका छन् ।

पनि प्रकारको आर्थिक सहयोग लिए/नलिएकोबारे आवश्यक सूचना संकलन गर्ने जिम्मेवारी अनुगमन अधिकृतको छ ।


निर्वाचन (कसुर तथा सजाय) ऐन २०७३ को दफा २९ को व्यवस्थाबमोजिम राजनीतिक दल वा उम्मेदवारले निर्वाचन प्रचारप्रसारमा आयोगले तोकेको हदभित्र रही खर्च गर्नुपर्छ ।

निर्वाचन आचारसंहिता २०८२ को दफा १३ को खण्ड (झ) बमोजिम उम्मेदवारले निर्वाचन प्रचारप्रसारका लागि कोणसभा वा आमसभा गर्न पाउँछन् । तर त्यसका लागि मञ्चको तयारीमा गरेको खर्चको जाँचबुझ गरी यकिन विवरण आयोगले तयार पार्नेछ ।

निर्वाचन आचारसंहिता २०८२ को दफा १६ को उपदफा (१) को खण्ड (ड) बमोजिम राजनीतिक दलले निर्वाचनसम्बन्धी खर्च गर्दा बैंक खाता खोल्नुपर्छ । वित्तीय संस्थामा छुट्टै खाता खोली दलले तोकेको जिम्मेवार पदाधिकारीद्वारा खर्च गर्नुपर्छ । निर्वाचन आचारसंहिता २०८२ को दफा १६ को उपदफा (१) को खण्ड (ख) बमोजिम जिल्लाभित्रका उम्मेदवारले निर्वाचन खर्च गर्दा बैंक तथा वित्तीय संस्थामा छुट्टै खाता खोली सोही खाताबाट गर्नुपर्छ । यसविपरीतका कार्य गरे दण्डनीय हुनेछ ।

उम्मेदवारले निर्वाचनसम्बन्धी खर्च गर्दा निजको तर्फबाट खर्च गर्ने जिम्मेवार

>>> पृष्ठ २ मा



## जो फुटपाथबाट लखेटिए

# काम उही तरिका फरक

**सपना बोहरा/मध्यान्ह**
काठमाडौं, १२ माघ

गौशालाकी सरस्वती केसीले फुटपाथमा व्यवसाय गरेर जीविकोपार्जन गर्न थालेको १८ वर्ष बितिसकेको छ । उनले हिजोआज मकै पोल्छिन् । हरियो मकैको सिजन सकिएपछि मौसमी फलफूल र तरकारी बेच्ने गर्छिन् ।

अचेल उनी साँझपख मात्र मकै पोल्न निस्किन्छिन् । बिहानको समयमा तरकारी बेच्न जान्छिन् । 'पसल नै खोलेर बस्न ठुलो लगानी छैन,' केसी भन्छिन्, ' यही  फुटपाथले आत्मनिर्भर बन्न सिकायो । जति हटाउन खोजे पनि छाडेर जान सकिएन ।' काठमाडौं महानगरले कडाइ गरेपछि उनी पहिलेजस्तो जथाभावी फुटपाथमा व्यवसाय गर्दिनन् । उनले डोकोमा तरकारी राखेर घरघरमा गएर बेच्ने गर्छिन् । 'फुटपाथमा पो व्यवसाय गर्ने होइन, डोकोमा राखेर व्यवसाय गर्न त मिल्छ,' उनले भनिन् ।

फुटपाथमा गाडा राखेर तरकारी बेच्दा महानगरले तीनपटक गाडा लगेको उनी सम्झिन्छिन् । ' महानगरले गाडा लगिदिन्थ्यो, म टेर्दिनथें, उनले भनिन्, 'फुटपाथ व्यवस्थित गर्ने कुरा बल्ल बुझें ।'

त्यस्तै, फुटपाथमा चिया पसल सञ्चालन गरेकी बागबजारकी रिमा बस्नेत हिजोआज थर्मसमा चिया बेच्न हिड्छिन् । 'पहिले फुटपाथमा चिया पसल गर्थें, पछिल्लो समयमा चिया बेच्दै हिँड्छु,' उनले भनिन् । फुटपाथ खाली भएसँगै सहर सुन्दर भएको उनी बताउँछिन् । ' महानगरको गाडीले चिया पसल उठाउँदा त पहिला खुबै अन्याय भएको जस्तै लाग्थ्यो,' उनले भनिन्, 'अहिले राम्रो लागेको छ ।' पछिल्लो समय फुटपाथलाई व्यवस्थित गर्दै साँझ ६ बजेपछि मात्रै फुटपाथ सञ्चालन गर्न दिइएको छ ।

फुटपाथ हटाइएपछि काठमाडौंका सहर फराकिलो देखिएको छ । सफा पनि राम्रो देखिएको छ । जसले गर्दा सकारात्मक रूपमा काम गरिरहेका छन् । फुटपाथमा व्यापार गर्नेहरूलाई महानगर प्रहरीले अमानवीय ढंगले घरपकड गरेको र निर्मम ढंगले

>>> पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# कामदारको शोषणमा सरकारदेखि आइएलओसम्म रमिते

**मध्यान्ह संवाददाता**
काठमाडौं, १२ माघ

आगामी फागुन २१ गते हुने प्रतिनिधि सभा निर्वाचनका लागि मुलुकको ध्यान केन्द्रित हुँदा वैदेशिक रोजगारमा जाने विपन्न अवस्थाका कामदार थप पीडित हुनुपर्ने देखिएको छ । जेनजी आन्दोलनपछि भिसा प्रक्रियामा प्रहरी रिपोर्ट नेपालस्थित युएई दूतावासबाट प्रमाणीकरण गराउन भिएफएस नामक निजी संस्थालाई १४ हजार २ सय तिर्नुपर्ने भएपछि समस्याको सुरुवात भएको हो ।

श्रमिकमाथिको आर्थिक भार हटाउन श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको पहलले मात्रै नभएपछि नेपाल वैदेशिक रोजगार व्यवसायी संघले गत पुस २५ गते नै परराष्ट्रमन्त्री बालानन्द शर्माको ध्यानाकर्षण गराएको थियो । संघले परराष्ट्रमन्त्री शर्मासमक्ष ध्यानाकर्षण गराएको तीन साता बितिसक्दासमेत समस्या समाधान नभएपछि बिचौलियाको गिरोहले परराष्ट्र मन्त्रालयलाई प्रभावमा पारेको निष्कर्षमा वैदेशिक रोजगार व्यवसायी पुगेका छन् ।

युएई जाने कामदारको प्रहरी रिपोर्ट प्रमाणीकरणका नाममा युएईले नेपाली पक्षसँग कुनै छलफल नगरी एक पक्षीय निर्णय गरेको थियो । उक्त एकपक्षीय निर्णय नेपाल राष्ट्रको सार्वभौमसत्तामाथि

>>> पृष्ठ २ मा

सहिदप्रति सम्मान गरौं

- सहिद राष्ट्रिय गौरव हुन्
- सहिदको बलिदान र योगदानको स्मरण गरौं ।
- सहिदप्रति सम्मान र समर्पण व्यक्त गरौं ।
- सहिदको सपना पूरा गर्न इमान्दार नागरिकको
- भूमिका निर्वाह गरौं
- देश प्रेम र एकताको भावना जागृत गराऔं ।
- सामाजिक सद्भाव, सहिष्णुता र एकता कायम गरौं ।

सहिदको सपना साकार गरौं
देश विकासमा सबै नेपाली जुटौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

मध्यान्ह
www.madhyanhadaily.com
१३ माघ २०८२ मंगलबार
27 January 2026 Tuesday

# स्वास्थ्य बिमा कार्यक्रममा सुधार आवश्यक : स्वास्थ्यमन्त्री

**काठमाडौं/मस-** स्वास्थ्य तथा जनसंख्यामन्त्री डा.सुधा शर्मा गौतमले स्वास्थ्य बिमा कार्यक्रममा सुधारको खाँचो रहेको औँल्याएकी छन् ।

पोखरामा आयोजित पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानको दशौं स्थापना दिवस समारोहमा उनले स्वास्थ्य बिमा कार्यक्रमको खर्च राज्यले धान्न नसक्ने अवस्थामा पुगेको बताइन् ।

'स्वास्थ्य बिमा कार्यक्रमका लागि यस वर्ष सरकारले रु ११ अर्ब विनियोजन गरेको थियो, त्यो बजेट सकिएर अर्को ११ अर्ब खर्च भइसकेको छ', मन्त्री गौतमले भनिन्,'स्वास्थ्य बिमामा भइरहेको दुरुपयोग नरोक्ने हो र खर्चमा मितव्ययिता नअपनाउने हो भने अब राज्यको क्षमताले यसलाई भ्याउँदैन ।'

स्वास्थ्य बिमा गरेका आधारमा अनावश्यक जाँच तथा स्वास्थ्य सेवा उपभोग गर्ने प्रवृत्तिले चुनौती थपिएको उनको भनाइ छ। 'स्वास्थ्य बिमा हुनेखाने र निरोगीले पनि बिमा कोषमा रकम जम्मा गर्ने र विपन्न अवस्थाका बिरामीलाई उपचार सेवा दिने उद्देश्यले सञ्चालन गरिएको योगदानमा आधारित कार्यक्रम हो', मन्त्री गौतमले भनिन्,'तर धेरैजसो बिरामीले नै बिमा गर्ने, चाहिनेभन्दा बढी सेवा लिने, चिकित्सकले पनि अनावश्यक जाँचहरु लेख्दा समस्या भइरहेको छ ।'



अस्पतालको फार्मेसी र बिमाबाट दिइने औषधिको मूल्यमा एकरुपता हुनुपर्ने र शय्या निःशुल्क रहेका अस्पतालले बिमाबाट भुक्तानी गर्न नहुने उनले बताइन् । मन्त्री गौतमले पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानका लागि पूर्वाधार र जनशक्ति व्यवस्थापनमा मन्त्रालयले सक्दो पहल गर्ने बताइन् ।

समारोहमा मन्त्री गौतमले प्रतिष्ठानको स्मारिकासमेत विमोचन गरेकी थिइन्। उक्त अवसरमा प्रतिष्ठानमा दीर्घ सेवा गरेका कर्मचारी, प्राविधिक, चिकित्सकलगायतलाई सम्मान गरिएको प्रतिष्ठानका उपकुलपति प्रा.डा.भरतबहादुर खत्रीले जानकारी दिए।

**भुक्तानी दाबी गर्न बोर्डको स्वास्थ्य संस्थालाई अनुरोध**

स्वास्थ्य बीमा बोर्डले सेवा प्रदायक स्वास्थ्य संस्थालाई बोर्डको मापदण्डबमोजिम कागजातसहित दाबी प्रविष्ट गर्न अनुरोध गरेको छ ।

बोर्डले जथाभावी रूपमा मापदण्ड विपरीत स्वास्थ्य बीमाबापत भुक्तानी दाबी गरेपछि स्वास्थ्य संस्थालाई एक समिति बनाई दाबीको पुनरावलोकन गर्न आग्रह गरेको बोर्डका सूचना अधिकारी विकेश मल्लले जानकारी दिए ।

'स्वास्थ्य बीमा गरे बापतको दाबीसहित हामीले पठाएको विवरणमा धेरै नै त्रुटि हुने गर्दछन्,' उनले भने, 'स्वास्थ्य संस्थाले गर्ने दाबी बापतको रकमलाई पुनः एकपटक त्यही स्वास्थ्य संस्थामा पुनरावलोकन गर्नका लागि समिति बनाउनु आग्रह गरेको हौं ।'

उनले स्वास्थ्य बीमा रियल टाइम दावी गर्नेसम्बन्धी कार्यविधि-२०८० अनुसार दाबी रुजु तथा मूल्यांकन प्रक्रियालाई थप सहज बनाई सेवा प्रदायक स्वास्थ्य संस्थाका दाबीमा हुने अस्वीकृत दर घटाउनका लागि सम्बन्धित स्वास्थ्य संस्थाले पुनरावलोकन समिति बनाउन आवश्यक रहेको बताए ।

बोर्डले स्वास्थ्य संस्थाबाट दाबी प्रविष्ट गर्नुपूर्व समितिले नै दाबीउपर पुनरावलोकन तथा रुजु गरी त्यसपश्चात् मात्र बोर्डको मापदण्डबमोजिम कागजात सहितको दाबी प्रविष्ट गर्न अनुरोध गरेको छ ।

बोर्डले तोकिएको मापदण्डअनुसार प्राप्त नभएका स्वास्थ्य बीमा गरे बापतको दाबीको भुक्तानी नगर्ने सूचना अधिकारी मल्लले बताए । उनका अनुसार स्वास्थ्य बीमा बोर्डमा एक दिनमा १० करोड बराबरको रुपैयाँ स्वास्थ्य संस्थाहरूले भुक्तानीका लागि दाबी पेस गर्ने गरेका छन् । अहिलेसम्म करिब १२ अर्ब स्वास्थ्य बीमाबापत ती स्वास्थ्य संस्थालाई बोर्डले भुक्तानी गर्न बाँकी रहेको छ ।

# आयोगको 'कल सेन्टर'मा मतदाता नामावलीसम्बन्धी जिज्ञासा धेरै

**काठमाडौं/मस-** निर्वाचन आयोगद्वारा सञ्चालित कल सेन्टरमा मतदाता नामावलीका बारेमा धेरैले जिज्ञासा राख्ने गरेका छन् । मतदाता नामावलीमा नाम भए नभएको बारे धेरै जिज्ञासा प्राप्त भइरहेको सहायक प्रवक्ता कुलबहादुर जिसीले जानकारी दिए ।

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्षित गरी निर्वाचन आयोगले यही माघ ५ गतेदेखि कलसेन्टर सञ्चालन गरेको हो। कल सेन्टरले मतदाता, सरोकारवालाका विभिन्न जिज्ञासाको जवाफ दिने गरेको छ। आयोग परिसरमा सुरु भएको कल सेन्टरमा आइतबारसम्म ८ सय ८२ जनाले जिज्ञासा राखेका छन् ।



यस अवधिमा मतदाता नामावलीका विषयमा ४ सय २० जिज्ञासाको सम्बोधन भएको छ। निर्वाचन आचारसंहिताका विषयमा ७२ प्रश्नको सम्बोधन गरिएको छ। मतदाता शिक्षासम्बन्धी ३६ र अन्य २ सय ६४ प्रश्नको जिज्ञासा सम्बोधन गरिएको आयोगले जनाएको छ । यसबाहेकका जिज्ञासा निर्वाचनसम्बन्धी अन्य विषयमा राखिएको थियो ।

आयोगले कल सेन्टरमार्फत बिहान ९ बजेदेखि साँझ ६ बजेसम्म जिज्ञासाको जवाफ दिने गरेको छ । निःशुल्क टोल फ्री नम्बर ११०२ मा कल गरेर मतदाता, नागरिक र सरोकारवाले जिज्ञासा राख्न सक्छन् । एकै पटक १५ जनासम्मले फोन गर्दा कलहरु होल्डमा नरहने जनाइएको छ । निर्वाचित उम्मेदवारलाई प्रमाणपत्र वितरण नभएसम्म कल सेन्टर सञ्चालनमा रहने सहायक प्रवक्ता जिसीले बताए ।

# अस्पतालमा राखिएको शव अर्कैले लिएर अन्त्येष्टि

**सिरहा/मस-** लहानस्थित प्रादेशिक अस्पतालमा परीक्षणका लागि राखिएको शव लिएर अर्कैले अन्त्यष्टि गरिएको छ। जिल्लाको गोलबजार नगरपालिका-३ जम्दहकी १६ वर्षीया निशा बानियाँको शव अस्पतालबाटै अर्कै परिवारले लिएर अन्त्यष्टि गरेको हो ।

गत शनिबार आत्महत्या गरेको भनिएकी बानियाँको शव 'पोष्टमार्टम'का लागि प्रादेशिक अस्पतालमा राखिएको थियो, तर अस्पतालले अर्कै परिवारलाई शव बुझायो ।

रोजगारीको सिलसिलामा विगत दुई वर्षदेखि भारतको मुम्बईमा रहेका मृतकका आमाबुवा छोरीको मृत्युको खबर सुनेलगत्तै नेपाल फर्किए । सोमबार बिहान छोरीको अन्तिम संस्कारका लागि शव लिन अस्पताल पुग्दा त्यहाँ शव फेला पारेनन् ।



अस्पताल प्रशासनसँग बुझ्दा सोही समयमा सप्तरीकी अर्की एक समान उमेरकी किशोरीको शव परीक्षणका लागि अस्पतालमा राखिएको र ती किशोरीका परिवारले आइतबार झुक्किएर शव लिएको र सोही दिन अन्त्येष्टिसमेत गरिसकेको खुलेको छ ।

अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा.रञ्जित झाले शव राख्ने क्रममा 'कोडिङ' नगरिएका कारण कर्मचारीबाट गल्ती भएको स्वीकार गरे । उनले भने, 'यो अस्पताल प्रशासनको गम्भीर लापरबाही हो, यसको छानबिन गरी दोषीलाई कारबाही गर्नेछौं ।'

छोरीको अन्तिम पटक मुख देख्नसमेत नपाएपछि मृतकका बुबा पूर्णबहादुर बानियाँ भावविह्वल भएका छन् । उनले भने, 'छोरीलाई समयमै बचाउन सकिएन, सास हुँदा देख्न पनि पाइएन, कम्तीमा लास त हेर्न पाइएला कि भनेर अर्को देशबाट आयौं तर अस्पतालको लापर्बाहीले त्यो पनि सम्भव भएन ।'

शव हराएको विरोधमा आक्रोशित आफन्त र स्थानीयले इलाका प्रहरी कार्यालय गोलबजार घेराउ गर्नुका साथै लहान अस्पताल परिसरमा विरोध प्रदर्शन गरेका छन् । त्यसक्रममा पूर्व-पश्चिम राजमार्ग अवरुद्ध गरी दोषीलाई कारबाही र न्यायको मागसमेत गरेका छन् ।

इलाका प्रहरी कार्यालय लहानका प्रमुख प्रहरी नायब उपरीक्षक कैलाश राईका अनुसार पीडित परिवार, अस्पताल प्रशासन र सरोकार भएका पक्षबीच वार्ताको तयारी भइरहेको छ । प्रहरीले घटनाको थप अनुसन्धान गरिरहेको छ ।

# 'भन्सार प्रणाली प्रविधिमैत्री हुँदा व्यवसाय गर्न सहज'

**धर्मेन्द्रकुमार कुर्मी/मध्यान्ह**
कपिलवस्तु, १२ माघ

कृष्णानगर भन्सार कार्यालयले सोमबार ७४औं अन्तर्राष्ट्रिय भन्सार दिवस भव्य कार्यक्रम आयोजना गरी मनाएको छ ।

कार्यक्रमको अवसरमा चालु आर्थिक वर्षमा सबैभन्दा बढी भन्सार राजस्व संकलन गर्ने उद्योगहरूलाई सम्मान गरिएको छ। बिजया स्टील प्रालि, कपिलवस्तुले ५४ करोड ७७ लाख रुपैयाँ र सम्राट सिमेन्ट प्रालि, दाङले ४४ करोड ८६ लाख रुपैयाँ राजस्व बुझाएको भन्दै दुबै उद्योगलाई प्रशंसा पत्रसहित सम्मान गरिएको थियो। कपिलवस्तुका प्रमुख जिल्ला अधिकारी जनार्दन गौतमले भन्सार प्रणाली क्रमशः प्रविधिमैत्री बन्दै गएकाले व्यवसाय गर्न सहज वातावरण सिर्जना भइरहेको बताए । उनले अवैध तस्करीले राज्यको राजस्वमा नकारात्मक प्रभाव पर्ने भएकाले सरकार, व्यापारी र नागरिक सबैको सहकार्य आवश्यक रहेको बताए।



कार्यक्रममा भन्सारलाई सहयोग गर्ने भन्सार एजेन्ट, कर्मचारी र आधा दर्जनभन्दा बढी संघ-संस्थालाई पनि सम्मान गरिएको थियो ।

कृष्णनगर भन्सार प्रमुख फणिन्द्र खतिवडाले चालु आर्थिक वर्षको पहिलो ६ महिनामा २ अर्ब ५१ करोड ५९ लाख ५८ हजार रुपैयाँ राजस्व संकलन भएको जानकारी दिँदै लक्ष्यको ८६ प्रतिशतभन्दा बढी राजस्व संकलन भइसकेको र बाँकी अवधिमा वार्षिक लक्ष्य पूरा हुने विश्वास व्यक्त गरे ।

कार्यक्रममा आन्तरिक राजस्व कार्यालयका प्रमुख कृष्णप्रसाद न्यौपाने, नेपाल पत्रकार महासंघ कपिलवस्तुका अध्यक्ष डिलाराम भुसाल, शिवराज ओझा, नेपाल प्रहरी र सशस्त्र प्रहरीका प्रतिनिधि, व्यापारी, भन्सार कर्मचारी, पत्रकार तथा स्थानीयहरूको उपस्थिती रहेको थियो ।

## बालेनको...

पारेको रास्वपाका नेता कार्यकर्ताहरू नै बताउन थालेका छन्। यसअघि रास्वपामा लामिछानेबाहेक अरू कसैको यो तहको क्रेज देखिएको थिएन । सहकारी ठगी मुद्दाले उनी जेलमा हुँदा कार्यवाहक सभापति डिपी अर्याललाई दिइए पनि उनले लामिछाने अहिलेजस्तो छायामा थिएनन् । २०७९ असार २ गते आधिकारिक रूपमा पार्टी खोलेका लामिछानेकै क्रेजले सोही मंसिरमा भएको प्रतिनिधि सभाको निर्वाचनमा २० सिटसहित रास्वपा संसदमा छिर्‍यो । रवि आफैं गृहमन्त्री बनेका थिए । उपनिर्वाचनमा एक सिट थपेर रास्वपा संसद्को चौथो ठुलो दल बनेको थियो ।

त्यही बीचमा दोहोरो नागरिकता र पासपोर्ट काण्डमा परेका लामिछानेको मन्त्री र सांसद पद गयो। उनी निर्वाचित चितवन-२ मा भएको उपनिर्वाचनबाट समेत जितेर संसद् छिरेर उनी पुनः उपप्रधानमन्त्री एवं गृहमन्त्री बनेका थिए। रविविरुद्ध काठमाडौं, चितवन, कास्की, रूपन्देही र पर्सा जिल्ला अदालतमा मुद्दा विचाराधीन छन् । सोही मुद्दामा पुर्पक्षका लागि आठ महिना जेल बसेका उनी उच्च अदालत बुटवल इजलासको आदेशअनुसार तोकिएको धरौटी बुझाएर मंसिरमा रिहा भएका हुन् । मनोनयन दर्ताकै दिन सहकारी ठगी मुद्दाको सुनुवाइका लागि पर्सा जिल्ला अदालत पुगेका थिए। उम्मेदवारी दर्ताकै दिन रविलाई अदालतले १ करोड धरौटी माग गर्‍यो। अदालती प्रक्रिया पूरा गर्न समय लाग्ने भएका कारण उनले वारिसनामामार्फत चितवन-२ मा उम्मेदवारी दर्ता गराएपछि चुनावी रौनकमा उनलाई देखिएको छैन ।

धरैटीमा रिहा भएपछि उनले चितवनमा सार्वजनिक भाषण गरेर जिउभरि विष बोकेर बाँचेको बताएका थिए । त्यसयता पार्टी एकता, समानुपातिक बन्दसूची र प्रत्यक्ष टिकट वितरणलगायतका आन्तरिक झमेलामा फसे । मनोनयन दर्तापूर्व माघ ५ गते जनकपुरमा रास्वपाले गरेको आमसभालाई सम्बोधन गरेपछि उनी फेरि चुप छन् ।

उनी अदालती प्रक्रियाकै झमेलामा व्यस्त रहेको रास्वपाका नेताहरूले बताएका छन् । चितवनमा पार्टीले कार्यक्रमसमेत राखेको छैन भने मतदातामाझ पुग्नै अप्ठ्यारो भइरहेको रास्वपा चितवनका एक नेताले बताए । तर बालेन धेरै नबोले पनि आफ्नो निर्वाचन क्षेत्रसहित कोशी प्रदेशको ताप्लेजुङस्थित पाथिभरा दर्शन गरी केही जिल्लामा एक चक्कर लगाएर काठमाडौं आइपुग्दा उनको क्रेज घटेन । रविलाई नै छायामा पर्नेगरी बढेको बालेनको क्रेजप्रति रविका कार्यकर्तासमेत सशंकित छन्। बालेनले सामाजिक सञ्जालमा लेखेका वा बोलेका स्ट्याटसले आमसञ्चारमाध्यममा राम्रो स्थान पाइरहेका छन्। उनी चुनावी अभियानकै सिलसिलामा सोमबार सुदूरपश्चिमतर्फ लागेका हुन्। सुदूरपश्चिमबाट बालेननिकट दुई जनाले उम्मेदवारी दिएका छन् । उनका प्रमुख स्वकीय सचिव भूपदेव शाह अछाम-२ बाट र कोर टिमका सदस्य केपी खनाल कैलाली-२ बाट उम्मेदवार बनेका हुन् । यी दुईको निर्वाचन क्षेत्रलाई प्राथमिकतामा राखेर बालेन सुदूरपश्चिम गएका हुन् ।

प्रतिनिधि सभाको निर्वाचनमा झापा-५ मा पूर्वप्रधानमन्त्री एवं नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीसँग चुनाव लडेर कडा चुनौती पेस गरेका शाहका कारण लामिछाने मात्र होइन, रास्वपाका अरू नेताहरू पनि ओझेलमा छन्। चुनाव जित्नुपर्छ भन्नेबाहेक बालेन, रवि र अरू नेताहरूबीच कुनै सरसल्लाह, समन्वय र बैठक भएको छैन । पुस १३ गते रास्वपाले बालेन समूहसँग सातबुँदे सहमति गरेर भावी प्रधानमन्त्रीका रूपमा अघि सारेको थियो । महोत्तरी पुर्ख्यौली घर भएका शाहलाई प्रधानमन्त्रीको उम्मेदवार प्रस्ताव गरेर मधेसको जनमत प्रभावित पार्ने रविको रणनीतिले अन्ततः आफैं छायामा पर्ने परिस्थिति बनेको हो ।

आफ्नै पार्टीमा लामिछानेको क्रेज घटेको छनक जनकपुर सभामै देखिएको थियो । बालेनले मैथिली भाषामा दिएको सन्तुलित अभिव्यक्तिले राष्ट्रियस्तरमै चर्चा पाइरहँदा सोही सभामा प्रमुख अतिथि बनेका लामिछानेको खासै चर्चा भएन। पार्टी स्थापनादेखि नै पार्टीमा एकछत्र वाहवाही पाएका लामिछानेले बालेनलाई भावी प्रधानमन्त्री अघि सार्नुले पनि मुख्य नेताका रूपमा बालेन प्रकट भएको देखिन्छ । 'यो स्वाभाविक पनि हो । हिजो रविको नेतृत्वमा सरकार बन्छ भन्ने नारा थियो । अबकी बार बालेन सरकार भन्ने नारा बनेपछि उनकै चर्चा हुनु स्वाभाविक हो,' रास्वपाका एक पदाधिकारीले मध्यान्हसँग भने, 'जुन ढंगले बालेन एक्लै हिँड्न खोजेका छन्, ढिलोचाँडो समस्या आउँछ कि भन्ने चिन्ता छ ।'

केहीअघिसम्म बालेनलाई झापामा पठाएर हराउने रणनीति लिएको आरोप लामिछानेमाथि थियो । त्यसको स्पष्टीकरण नेता मनीष झाले सार्वजनिक रूपमै दिइसकेका छन्। उनका अनुसार, मनोनयनको अन्तिम दिनसम्म बालेनका लागि महोत्तरी-१ होल्ड गरेर राखिएको थियो। तर बालेनले चुनौती सामना गरेरै अघि बढ्ने भन्दै एमाले अध्यक्ष ओलीको परम्परागत निर्वाचन क्षेत्र झापा-५ जाने निर्णय लिए । बालेनको पहिलो राजनीतिक दौडाहामा विवादास्पद व्यवसायीको गाडी प्रयोग गरिएकोप्रति पनि रास्वपा नेताहरू असन्तुष्ट छन् । उनले चढेको ल्यान्ड रोभर डिफेन्डर त्रिमूर्ति इन्डस्ट्रिज प्रालिका सञ्चालक कमलकिशोर मालपानीको भएको खुलेपछि बालेनको चर्को आलोचना पनि भएको छ । 'त्यसरी किन गाडि चढ्नुपर्‍यो ? आज गाडी दिनेको भोलि स्वार्थ हुन सक्छ' नेता झाले एक टिभी अन्तर्वार्तामा त्यसबारे भनेका छन्, 'त्यो गलत हो ।' चौतर्फी प्रश्न उठे पनि बालेन र उनको टिमले यसबारे कुनै जवाफ दिएको छैन ।

गत स्थानीय तहको निर्वाचनमा स्वतन्त्र उम्मेदवार उठेर काठमाडौं महानगरपालिकाको मेयर जितेका बालेन प्रश्नसँग भने सधैं भाग्ने गरेका छन् । झन्डै चारबर्से कार्यकालमा उनले नागरिक, मिडिया र सार्वजनिक मञ्चसँग कहिल्यै दोहोरो संवाद गरेनन्। सामाजिक सञ्जालमार्फत आफ्नो विचार व्यक्त गर्दै आएका छन् । रास्वपाका अरू नेताहरू र बालेनको शैली बिल्कुल भिन्न छ । सभापति लामिछानेको अनुपस्थितिमा शाहले आइतबार काठमाडौंका उम्मेदवारहरूसँग गरेको एक्लाएक्लै भेटघाटलाई पनि पार्टी संस्थापनले खासै रुचाएको छैन ।

## काम...

ठेलागाडा खोसेका पुराना दृश्य धेरैले बिर्सिएका छैनन्। तत्कालीन मेयर बालेन शाह र महानगर प्रहरी प्रमुख राजु पाण्डेको निकै चर्को आलोचनासमेत भएको थियो । अहिले बालेन झापा-५ र पाण्डे काठमाडौं-३ बाट उम्मेदवार बनेका छन् । पाण्डेले राजीनामा गरेपछि नगर प्रहरी प्रमुखमा विष्णुप्रसाद जोशी नियुक्त भएका छन् । उनले पनि काठमाडौं महानगरपालिकाले फुटपाथ र पार्किङ व्यवस्थापनलाई प्राथमिकता दिने बताएका छन् । आफू नियुक्त भएपछि सम्मेलन गर्दै उनले महानगरपालिकाले फुटपाथसँगै धुलो, धुवाँ कम गर्न, सार्वजनिक शौचालय, सार्वजनिक सम्पत्ति संरक्षण गर्ने बताए। उनले वर्कसपका विषयमा ध्यानकेन्द्रित गर्न नगर प्रहरीलाई निर्देशन दिएका छन् ।

'धेरै कुरा नियन्त्रणमा आइसकेको छ, सुधार पनि भएको छ,' नगर प्रहरी प्रमुख जोशीले भने, 'फुटपाथ पार्किङमा एकदम फोकस हुनुपर्नेछ।' उनले सार्वजनिकस्थलमा धुम्रपान गर्न नदिन महानगर प्रहरीलाई निर्देशन दिएका छन् । विगतमा भएका सकारात्मक कामलाई निरन्तरता दिने पनि बताए ।

## चुनावी...

पदाधिकारी तोके-नतोकेको पनि सूचना संकलन गर्दै छ । यी कार्यको १५/१५ दिनमा प्रतिवेदन तयार हुनेछ। अनुगमन अधिकृतले दल र उम्मेदवारको खर्च विवरण संकलन गरेर पाक्षीक प्रतिवेदन जिल्ला आचारसंहिता अनुगमन समिति र केन्द्रीय आचारसंहिता अनुगमन समितिसमक्ष पेस गर्नुपर्ने प्रावधान राखिएको छ ।

'राजनीतिक दल वा उम्मेदवारको निर्वाचन खर्च विवरणको यथार्थता, आर्थिक सहयोग संकलन कानुनसम्मत रहे/नरहेको विवरण र निर्वाचन आचारसंहिताको कार्यान्वयन सम्बन्धमा गरेका कामकारबाहीको जिल्लागत पाक्षिक प्रतिवेदन जिल्ला आचारसंहिता अनुगमन समिति र केन्द्रीय आचारसंहिता अनुगमन समितिसमक्ष पेस गर्ने' अनुगमन अधिकृतको कार्य सर्तमा भनिएको छ ।

राजनीतिक दल तथा उम्मेदवारले चुनावी खर्चका नाममा लिने आर्थिक सहयोग चन्दाको पारदर्शिताबारे प्रश्न उठिरहेका बेला आयोगले निगरानी गर्ने संयन्त्र नै खडा गरेको हो । यदि दल र उम्मेदवारबाट निर्वाचन खर्चका क्रममा गलत कार्य भएको छ भने कारबाही हुनेछ। तत्काल कारबाही गर्नुपर्ने भए अनुगमन अधिकृतको सूचनाअनुसार जिल्ला आचारसंहिता अनुगमन समितिका संयोजकको समन्वयमा प्रक्रिया अगाडि बढ्नेछ। १५/१५ दिनमा प्रतिवेदनअनुसार निर्वाचन आयोगले दल र उम्मेदवारको चुनावी खर्चको समीक्षा गर्ने प्रावधान पनि राखिएको छ ।

## कामदारको...

नै हस्तक्षेप भएको भन्दै संघले परराष्ट्रमन्त्री शर्माको गम्भीर ध्यानाकर्षण गराएको थियो । मन्त्री शर्माले पुस २९ गते आफूले समस्याको चुरो बुझेको र श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री राजेन्द्रसिंह भण्डारीसँग छलफल र सहकार्य गरेर समाधान दिने आश्वासन दिएका थिए । तर आश्वासनअनुसारको काम भएको जानकारी नपाएको संघका महासचिव महेशकुमार बस्नेतले बताए । युएई भिसा प्रक्रिया नेपाल प्रहरीको असल चालचलन रिपोर्ट युएई राजदूतावासबाट प्रमाणीकरण गराउँदाको आर्थिक भार एकातिर छ भने दूतावासबाट प्रमाणीकरण गरिएको रिपोर्टमा पनि भिसा नआउने भन्दै रिजेक्सन हुने प्रतिशत बढेको व्यवसायीहरूको गुनासो छ ।

संघका महासचिव बस्नेतले समस्याको समाधान नभएपछि विगतमा कामदारका पक्षमा पैरवी गर्दै आएको अन्तर्राष्ट्रिय श्रम संगठनको नेपाल कार्यालय, थाइल्यान्डस्थित क्षेत्रीय कार्यालय, अन्तर्राष्ट्रिय आप्रवासन संगठनको नेपाल कार्यालय, वैदेशिक रोजगारमा जाने कामदारका पक्षमा आवाज उठाउने नेपाली गैरसरकारी संस्था सबैलाई पत्राचार गरेर ध्यानाकर्षण गराएको तर कोही पनि प्रखर रूपमा कामदारको समस्या समाधानबारे नबोली बसेको रहस्यमय स्थिति देखिएको बताए ।

उनले भने- 'आज वैदेशिक रोजगारीमा रहेका नेपाली श्रमिकहरूको पसिनाले देशको अर्थतन्त्र धानिरहेको छ तर विडम्बना उनीहरूको पक्षमा उभिने सबै आवाज मौन देखिएका छन् ।'

युएई जाने श्रमिकहरूको सन्दर्भमा नेपाल प्रहरीले जारी गरेको क्युआर कोडसहितको चालचलन प्रमाणपत्रलाई परराष्ट्र मन्त्रालयले प्रमाणित गरिसकेपछि पनि पुनः नेपालमै रहेको युएई राजदूतावासले भिएफएसमार्फत भिसा अप्लाई हुनुअगाडि नै १४ हजार २ सय रुपैयाँ तिराएर प्रमाणीकरण गर्न बाध्य पारिरहेको छ। जम्मा तीन महिनाको अवधि हुने एउटा प्रहरी रिपोर्ट बनाउन आधा महिना कुर्नुपर्ने अवस्था छ । अनि श्रमिक हितका कुरा भने तारे होटलका सेमिनारमा मात्र सुन्नुपर्ने अवस्था छ । ट्रेड युनियनहरू कहाँ छन् ? राष्ट्रिय अन्तर्राष्ट्रिय श्रम संगठन कहाँ छन् ? बस्नेतको प्रश्न छ ।

उनले भने, 'यहाँ सिधा-सिधा श्रमिकमाथि आर्थिक भार थप्ने काम भइरहेको छ । दुःखको कुरा, श्रमिकको हितको नाममा खुलेका धेरै संस्था र अन्तर्राष्ट्रिय श्रम संगठनसमेत यो विषयमा बोलेका छैनन्। श्रमिक समस्यामा पर्दा मौन बस्ने श्रमिकका नाममा खुलेका संस्था र संगठन किन चाहियो ?'

नेपाल सरकारको भूमिका इतिहासकै कमजोर देखिएको छ । आफ्नै देशको सरकारी निकायले प्रमाणित गरेको कागजातलाई मान्यता दिन कूटनीतिक पहलसमेत गर्न नसक्नु एउटा सार्वभौम राष्ट्रका लागि चिन्ताजनक अवस्था भएको उनले बताए। 'कूटनीतिक नियोग के गरेर बसेको छ ? यो सरकार यदि आफ्ना श्रमिक र निमुखा नागरिकको पक्षमा दृढतापूर्वक उभिन सक्दैन भने त्यो इतिहासकै कमजोर भूमिकाका रूपमा दर्ज हुनेछ,' उनको गुनासो छ ।

उनले श्रमिकमाथि थोपरिएको यो अनावश्यक आर्थिक भार, अपमानजनक र अव्यावहारिक व्यवस्था तुरुन्त हटाउन नेपाल सरकारले सामान्य होइन, गम्भीर कूटनीतिक पहल गर्नुपर्ने माग गर्दै उचित पहल नगरिएको अवस्थामा श्रमिकको हित र राष्ट्रिय स्वाभिमानको रक्षा गर्न युएई रोजगारी बन्द गर्नेगराउने संघ अघि बढ्ने चेतावनी दिएका छन् । महासचिव बस्नेतले युएईस्थित नेपाली राजदूतावासको मौनताले गम्भीर प्रश्न उठाएको भन्दै परराष्ट्र मन्त्रालय र सरकारले यो समस्या समाधान गर्न सक्ने कि नसक्ने भन्नेस्पष्ट निर्णय दिनुपर्ने अवस्था आएको समेत बताए ।

तत्काल युएई भिसा समस्या समाधान नभए यो समस्या समाधान हुन कम्तीमा अर्को चार/पाँच महिना कुर्नुपर्नेछ । फागुन २१ मा निर्वाचन सम्पन्न भइहाल्यो भने प्रत्यक्ष तथा समानुपातिक दुवैतर्फको मत गणना गर्न, अन्तिम परिणाम घोषणा गरेर राष्ट्रपति कार्यालय बुझाउन, नयाँ सरकार गठनका आह्वान र नयाँ सरकार गठन गर्न कम्तीमा दुई महिना लाग्नेछ । त्यतिबेलासम्म विपन्न अवस्थामा रहेका कामदारहरूले १४ हजार २ सयका दरले भिएफएसलाई बुझाइरहनुपर्नेछ ।

# निर्वाचन आचारसंहिता लागू गराउन स्थानीय तहलाई पत्राचार

**काठमाडौं/मस–** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले ७ सय ५३ वटै स्थानीय तह र ७७ वटै जिल्ला समन्वय समितिलाई निर्वाचन आचारसंहिता, २०८२ लागू गर्न, गराउन 'सर्कुलर' गरेको छ।

निर्वाचन आयोगले २०८२ साल माघ ४ गते राति १२ बजेदेखि लागू गरेको आचारसंहिता सम्बन्धित स्थानीय तह र जिल्ला समन्वय समितिले पनि आ-आफ्नो क्षेत्रमा लागू गराउन पत्राचार गरेको मन्त्रालयका शाखा अधिकृत दीपेश कट्टेलले सबै स्थानीय तह र सबै जिल्ला समन्वय समितिलाई जारी गरेका पत्रमा उल्लेख छ।




सरकारले २०८२ साल पुस १२ गतेको नेपाल राजपत्रमा सूचना प्रकाशित गरी आचारसंहिता सार्वजनिक गरेको थियो। निर्वाचन आयोगले अर्को सूचना जारी नभएसम्मका लागि निर्वाचन आचारसंहिता लागू गरेको हो। यही माघ ११ गते सम्पन्न राष्ट्रियसभा निर्वाचन र आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि आचारसंहिता लागू गरिएको हो।

मन्त्रालयले आवश्यक जानकारी तथा कार्यार्थ भन्दै सबै स्थानीय तह र सबै जिल्ला समन्वय समितिलाई पत्राचार गरी निर्वाचन आचारसंहिता लागू गराउन ध्यानाकर्षण गराएको हो। निर्वाचन आचारसंहितामा परिच्छेद १०, अनुसूची ५ र दफा ५५ रहेको छ।

# 'म मधेश बुझ्न आएको हुँ'



**सर्लाही/मस–** नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले आफू मधेस पढ्न र बुझ्न आएको बताएका छन्।

सोमबार सर्लाही निर्वाचन क्षेत्र नं ४, का मतदातालाई सम्बोधन गर्दै सभापति थापाले आफूले सुनेको मधेस पढ्न र बुझ्न आएको बताए। सिमरा विमानस्थलमा ओर्लेपछि ठाउँठाउँमा मधेशका साथीहरुले स्वागत गरेर देखाएको मायाले आफूलाई उत्साहित बनाएको उनको भनाइ थियो।

नेपाली कांग्रेसको नेता भएको हैसियतले सभापति थापाले मधेशले कांग्रेस र लोकतन्त्रका लागि लगाएको गुणबारे जानकार भएको बताए।

'अब म यहाँको भाषा, रहनसहन, वेशभूषा, संस्कार संस्कृति सबै पढ्छु र सिक्छु। केही नेता साथीहरुले एक लाइन भए पनि स्थानीय भाषामा सम्बोधन गरिदिनु भन्नुभएको थियो', उनले भने, 'म दुई दिनको चटक देखाउन आएको हैन। त्यसैले सबै सिक्छु अनिमात्रै बोल्छु।'

काठमाडौं क्षेत्र नं ४ बाट प्रतिनिधि भएर मधेसका सवालहरू संसद्मा धेरै पटक उठाएको उल्लेख गर्दै उनले यस पटक मधेस र मधेसका सवाल नजिकबाट बुझ्ने प्रतिबद्धता जनाए। एक पटक भएपनि मधेशप्रति समर्पित नभई, मधेशमा आफू र आफूमा मधेस नल्याई सम्पूर्ण रुपमा नेपाली हुन नसक्ने ठानेर आफू मधेस झरेको उनले स्पष्ट पारे।

# आधिकारिक स्रोतलाई मात्रै आधार मानेर सूचना दिन निर्वाचन आयोगको आग्रह



**काठमाडौं/मस–** निर्वाचन आयोगका कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्यको निर्वाचनका लागि सञ्चार माध्यमहरुले आधिकारिक स्रोतलाई मात्र आधार मानेर समाचार एवं सूचनाको प्रवाह गर्न आग्रह गरेका छन्।

सार्वजनिक सेवा प्रसारण नेपालले आयोजना गरेको 'प्रतिनिधिसभा सदस्य निर्वाचन २०८२ आचारसंहिता अभिमुखीकरण' विषयक कार्यक्रममा प्रमुख आयुक्त भण्डारीले निर्वाचनका क्रममा भ्रामक समाचार फैल्याउनबाट जोगिन सुझाव दिएका हुन्।

उनले नागरिकलाई यतिबेला अत्यन्त सत्यतथ्य समाचार सामग्रीको खाँचो हुने हुँदा खास गरी सञ्चार माध्यमलले आचारसंहिताको पालना गर्ने र गराउने भूमिका निर्वाह गर्नुपर्ने बताए।

उनले भने, 'सञ्चार माध्यमले सकेसम्म निर्वाचनका समाचार लेख्दा आधिकारिक स्रोतमा मात्रै आधार बनाउनुहुन अनुरोध गर्छु।'

डिटिल प्लेटफर्म कृत्रिम बुद्धिमता (एआई) जस्ता एप्स प्रयोग गरेर यतिबेला सामाजिक सञ्जालमा कसैको छविमा आँच आउने खालका श्रव्यदृश्य सामग्री देखिएकाले यसलाई व्यवस्थापन गर्न निर्वाचन आयोगले मेटा, टिकटकलगायत सामाजिक सञ्जालसँग सम्झौता गर्न लागेको उनले जानकारी दिए।

कार्यक्रममा आयोगका सचिव कृष्णबहादुर राउतले निर्वाचनको आचारसंहिता पालना गर्ने र गराउनका लागि निगरानी गर्ने दायित्व सञ्चार माध्यमको हुने बताए।

उनले खास गरी नेपाल टेलिभिजन, रेडियो नेपाल, राष्ट्रिय समाचार समिति (रासस) लगायतका सरकारी सञ्चार माध्यमले नागरिक समक्ष सत्य र आधिकारिक समाचार सम्प्रेषणमा बढी जिम्मेवार हुनुपर्ने बताए। उनले राससले सञ्चार गृहअन्तर्गत आन्तरिक रुपमा निर्वाचन आचारसंहिता बनाएकामा प्रशंसा गर्दै अन्य सञ्चार गृहले यस्तो अभ्यास सुरु गर्नुपर्ने बताए।

सञ्चार तथा सूचनाप्रविधि मन्त्रालयकी सचिव लक्ष्मीकुमारी बस्नेतले आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका क्रममा नागरिकलाई सही सूचना दिने र निर्वाचन सफल पार्न सघाउ पुर्‍याउन सञ्चारमाध्यमले अहम भूमिका खेल्नुपर्ने बताइन्।

सार्वजनिक सेवा प्रसारण नेपालका अध्यक्ष डा महेन्द्र विष्टले सञ्चारमाध्यमले निर्वाचन आचारसंहितासँगै पत्रकारको आचारसंहिता ध्यानमा राखेर पत्रकारिता गर्न सुझाव दिए। उनले सञ्चारकर्मी आफैंबाटै आचारसंहिता पालना भएको छ कि छैन भनि जाँच गर्नुपर्ने धारणा राखे। कुनै पनि पार्टीका उम्मेदवार वा विचार धाराका कुरा सामाजिक सञ्जालमा राख्ने जस्ता गतिविधि नगरी निष्पक्ष ढंगले पत्रकारिताको धर्म निभाउनुपर्ने उनले बताए।

### समानुपातिकतर्फको मतपत्र छपाइ सम्पन्न

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनअन्तर्गत समानुपातिकतर्फको मतपत्र छपाइ कार्य सम्पन्न भएको छ। जनक शिक्षा सामग्री केन्द्र लिमिटेड सानोठिमीमा आज समानुपातिकतर्फको दुई करोड आठ लाख ५० हजार प्रति मतपत्र छपाइकार्य सम्पन्न भएको केन्द्रका प्रबन्ध निर्देशक यदुनाथ पौडेलले जानकारी दिए। केन्द्रले सोमबारबाट प्रत्यक्षतर्फको मतपत्र छपाइकार्य सुरु गर्ने उनले जानकारी दिए। केन्द्रले यसअघि १० लाख ९८ हजार २०० नमूना मतपत्र छपाइ गरेर निर्वाचन आयोगलाइ पठाइसकेको जनाएको छ।

**कतारमा रोजगार**
कम्पनी: CLEANING PROTECTION
शहर: Qatar
पूर्व स्वीकृत मितिः २०८२/०६/२७ चलानी नं.: ६०२४६२१२ L.T. No.: 332510 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Public Area Attendants / Cleaners(F | 0 | 3 | सम्बन्धित काममा दक्ष | 1000 | ४०,२८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Services Agent | 0 | 4 | सम्बन्धित काममा दक्ष | 1000 | ४०,२८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ माघ २० गते (3 February 2026) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

PRAYAS RE-EMPLOYMENT CONSULTANT (PVT.) LTD.
Way to Gopi Krishna Hall, Opposite to Siddhartha Bank, Chabahill, Saraswati Nagar, Kathmandu
Tel.: 01-4820095, Mobile: 9823841132, Email:prayasroshancv@gmail.com, Web.:www.prayasreemp.com.np

**बरहथवा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
बरहथवा, सर्लाही
मधेश प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशन मिति :– २०८२/१०/१३

यस बरहथवा नगरपालिकाबाट मिति २०८२/०८/२५ गतेको सौर्य दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार रितपूर्वक दाखिला हुन आएका बोलपत्रहरु मध्ये सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतको लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदभा (२) र (३) तथा सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो बोलपत्र स्वीकृत गर्ने आशयको ७(सात) दिने सूचना प्रकाशन गरिएको छ।

तपशिलः–

| सि.नं. | ठेक्का नं. | छनौट भएका फर्म | ठेगाना | कबोल अंक (रु.मु.अ.कर बाहेक) |
|---|---|---|---|---|
| १ | NCB:RIVER/ ०२/२०८२/०८३ हजरियाको बागमती बजार घाट | मिथिला एण्ड जानकी कन्स्ट्रक्शन | काठमाडौं म.पा.-११ | १,०२,२१,५००/- |

प्रमुख प्रशासकीय अधिकृत

# जनप्रतिनिधिकै मत बदर



**दाङ/मस–** लुम्बिनी प्रदेशअन्तर्गत दाङको घोराहीमा आइतबार सम्पन्न राष्ट्रियसभा सदस्यको निर्वाचनमा १६ मत बदर भएको छ।

प्रदेशसभा सदस्य ८३ मध्ये ७८ जनाले मतदान गर्नुभएकामा छ मत बदर भएको थियो। यसैगरी नगरपालिका प्रमुख तथा उपप्रमुख र गाउँपालिकाका अध्यक्ष तथा उपाध्यक्षसमेत गरी २ सय १७ मध्ये २ सय ८ जना प्रतिनिधिले राष्ट्रियसभा सदस्यका लागि मतदान गर्नुभएको थियो। जसमा १० मत बदर भएको प्रदेश निर्वाचन कार्यालयका सूचना अधिकारी गेहेन्द्र कुँवरले जानकारी दिए।

यसरी लुम्बिनी प्रदेशअन्तर्गतको प्रदेश सदस्य तथा स्थानीय सरकारका प्रमुख पदाधिकारी मतदाता रहेको उक्त निर्वाचनमा १६ मत बदर भएसँगै यहाँस्थित राजनीतिक वृत्तमा विभिन्न टीकाटिप्पणी भइरहेको छ। यसै सन्दर्भमा प्रमुख राजनीतिक पार्टीका प्रदेश तथा स्थानीय तहका नेताहरूले १६ मत बदर भएको घटनालाई सामान्य रुपमा लिन नहुने बताउँदै निर्वाचनको मत परिणामलाई सुक्ष्म रुपमा विश्लेषण गरी निष्कर्षमा पुगेर सोहीअनुसार धारणा बनाउने बताए।

**Mangalsen Municipality**
**Office of Municipal Executive**
Mangalsen, Achham
*Sudurpaschim Province, Nepal*

**Invitation For E-Bids**

Date of Publication: 2082/10/13

*The Office of Mangalsen Municipality (Mangalsen, Achham) invites Online Bid From Eligible Nepalese Bidders For the procurement of the following works:*

| S.N. | Description of works and Contract Identification No. | Estimated Cost in NRs. (Including VAT but excluding of Contingency and PS) | Bid Security Fee in NRs. | Bid Document Fee (NRs.) | Last Date of Bid Submission and Opening | Remarks |
|---|---|---|---|---|---|---|
| 1. | Procurement, Supply and Delivery of Water Supply Related Goods. (MM/ ACH/NCB/GOODS-04/2082-083) | 30,25,867.00 | 76,000.00 (Validity Period of Bid Security = 120 Validity Period of Bid = 90 days.) | 3000.00 | Last Date of Bid Submission: 2082/11/14 at 12:00 Hrs. Last Date of Bid Opening: 2082/11/14 at 13:00 Hrs. | |

Eligible Bidders may obtain futher information from PPMO website www.bolpatra.gov.np/egp

Chief Administrative Officer

मध्यान्ह
www.madhyanhadaily.com
१३ माघ २०८२ मंगलबार
27 January 2026 Tuesday

## सम्पादकीय

# आयोगले हिम्मत देखाओस्

निर्वाचन आयोगले राजनीतिक दल तथा उम्मेदवारको चुनावी खर्च र चन्दामाथि निगरानी गर्न विशेष संयन्त्र खडा गर्नु सकारात्मक छ । चुनाव नजिकिँदै जाँदा प्रचारप्रसारका नाममा हुने अस्वाभाविक खर्च, अस्पष्ट स्रोतबाट आउने चन्दा र सरकारी तथा सार्वजनिक स्रोतको दुरूपयोगका प्रश्न बारम्बार उठ्ने गरेका छन् । यिनै प्रश्नको जवाफ दिने जिम्मेवारी अब आयोगको काँधमा आएको छ । निर्वाचन कसुर तथा सजाय ऐन २०७३ र निर्वाचन आचारसंहिताले चुनावी खर्चसम्बन्धी व्यवस्था स्पष्ट गरेका छन् । खर्चको सीमा तोकिएको छ । बैंक खाताबाट मात्र खर्च गर्नुपर्ने प्रावधान छ । चुनावी कोणसभा र आमसभाको खर्च विवरण पेस गर्न अनिवार्य गरिएको छ । तर विगतको अभ्यास हेर्दा यी प्रावधान कागजमै सीमित हुने गरेका छन् । आचारसंहिता उल्लंघनका घटना सार्वजनिक हुँदा पनि आयोगले प्रायः चेतावनी वा स्पष्टीकरणमै चित्त बुझाउँदै आएको छ ।

यसपटक आयोगले भिन्न ढंगले निगरानी गर्न खोजेको देखिन्छ । कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रमुखलाई अनुगमन अधिकृत तोकेर दल र उम्मेदवारको खर्च, चन्दा र स्रोतको विवरण संकलन गर्ने व्यवस्था गरिएको छ । ती अनुगमनको पाक्षिक प्रतिवेदन पेस हुने र त्यसका आधारमा जिल्ला तथा केन्द्रीय तहमा समीक्षा हुने कार्यविधि आफैंमा महत्वपूर्ण छ । तर प्रतिवेदन बन्नु मात्र उपलब्धि होइन । ती प्रतिवेदनले के निष्कर्ष निकाल्छन् र जथाभावी निर्वाचन खर्च नियन्त्रण गर्न कस्तो भूमिका निर्वाह गर्छन् भन्ने मुख्य विषय हो । आयोगको नियमनको मूल्यांकन गर्ने आधार पनि त्यही हो ।

पछिल्ला वर्षहरूमा निर्वाचन खर्चिलो बन्दै गएको छ । दलमा लामो योगदान गरेका नेताहरूसमेत महँगो निर्वाचन लड्न सक्ने स्थितिमा छैनन् । जसका कारण चुनाव लड्न उच्च वर्ग, उद्योगी–व्यवसायी, ठेकदार आउने स्थिति बनेको छ । निर्वाचन आयोगले तोकेको निर्वाचन खर्चको सीमाको पालना गरेर चुनाव जित्नेको संख्या नगण्य हुन्छ भन्ने पनि ओपन सेक्रेट छ । तर आयोगमा बुझाइने चुनाव खर्चको प्रतिवेदन सधैं सीमाभित्रै हुन्छ । त्यो बेथिति र विकृति रोक्न आयोगले बनाएको संयन्त्रले प्रभावकारी काम गर्नुपर्ने हुन्छ । विशेषगरी प्रचारप्रसारमा प्रयोग हुने सवारीसाधन, महँगा कार्यक्रम र गैरसरकारी वा सरकारी निकायबाट अप्रत्यक्ष सहयोगका विषयमा आयोगले आँखा चिम्लनुहुँदैन । ठुला दल वा चर्चित उम्मेदवार भएकै कारण छुट दिने प्रवृत्तिले आयोगमाथि भेदभावको आरोप पनि लाग्ने गरेको छ । कानुन सबैका लागि बराबर हो भन्ने सन्देश यसपटक व्यवहारमै देखिनुपर्छ । यदि गलत कार्य भेटिए तत्काल कारबाही, जरिमाना मात्र होइन आवश्यक परे उम्मेदवारी बदर गर्ने कठोर निर्णय लिन आयोगले हिम्मत गर्नुपर्छ । नत्र यो प्रयास पनि अघिल्ला अभ्यासझैं औपचारिकतामा सीमित हुनेछ ।

# संस्कार : पुस्तान्तरणको मौन भाषा

*जब भाषा थिएन, लिपि थिएन, विद्यालय थिएन, तब पनि मानिसले मानिसलाई जीवन जिउने तरिका सिकाइरहेको थियो । त्यो सिकाइ शब्दमा होइन, व्यवहारमा हुन्थ्यो ।*

अग्रलेख



● अनन्तप्रसाद घिमिरे

'संस्कार' शब्द सुन्नासाथ धेरैको मनमा धर्म, कर्मकाण्ड, विधिविधान, चाडपर्व वा परम्परागत संस्कृतिको चित्र उभिन्छ । तर संस्कारको वास्तविक सत्ता यी बाहिरी संरचनाभन्दा धेरै गहिरो र मौन तहमा अवस्थित हुन्छ । संस्कार कुनै औपचारिक शिक्षा होइन, यो जीवनले जीवनलाई दिने अदृश्य उत्तराधिकार हो । यो बोलिँदैन, तर निरन्तर अभ्यास हुन्छ । लेखिँदैन, तर चेतनामा स्थायी रूपमा कुँदिन्छ । त्यसैले संस्कारलाई पुस्तान्तरणको मौन भाषा भनिन्छ- भाषा, जुन न उच्चारण चाहिन्छ, न व्याकरण; तर जसको प्रभाव पुस्तौँसम्म फैलिन्छ ।

जब भाषा थिएन, लिपि थिएन, विद्यालय थिएन, तब पनि मानिसले मानिसलाई जीवन जिउने तरिका सिकाइरहेको थियो । त्यो सिकाइ शब्दमा होइन, व्यवहारमा हुन्थ्यो । बच्चाले बोल्न सिक्नुअघि नै संसार पढ्न थालिसकेको हुन्छ । ऊ वरपरको वातावरण नियाल्छ- आमाको आँखामा देखिने धैर्य, बाबुको स्वरमा लुकेको अधिकारबोध, घरभित्रको मौन डर, बाहिरको बनावटी सभ्यता । यी सबै संस्कारका अक्षरहरू हुन्, जुन उसले अनायासै आत्मसात् गर्छ । संस्कार कुनै दिन अचानक थोपरिँदैन । यो त बिस्तारै, निरन्तर, लगभग नदेखिने रूपमा मनभित्र जम्दै जान्छ । बच्चाले 'साँचो बोल्नुपर्छ' भन्ने उपदेशभन्दा धेरै अघि, साँचो बोल्दा के हुन्छ र झूठ बोल्दा के हुन्छ भन्ने अनुभव देखिरहेको हुन्छ । उसले देख्छ- साँचो बोल्दा कहिलेकाहीं घाटा हुन्छ, झूठ बोल्दा फाइदा । यही अनुभव संस्कार बन्छ । त्यसैले संस्कार उपदेशको परिणाम होइन, अनुभूतिको निचोड हो ।

घर संस्कारको पहिलो पाठशाला हो, जहाँ कुनै पाठ्यक्रम हुँदैन, तर जीवनको आधारभूत व्याकरण सिकाइन्छ । घरमा कसरी रिस देखाइन्छ, कसरी प्रेम व्यक्त गरिन्छ, कसरी दुःख सहिन्छ, कसरी अरूलाई हेपिन्छ वा सम्मान गरिन्छ- यी सबै मौन शिक्षाहरू हुन् । बच्चाले यो शिक्षा कहिल्यै प्रश्न नगरी ग्रहण गर्छ, किनकि यो उसलाई 'सामान्य' लाग्छ । पछि यही सामान्यताले उसको नैतिक मापदण्ड बनाउँछ । संस्कारको सबैभन्दा गहिरो र शक्तिशाली पक्ष यसको मौनता हो । मौनता किन शक्तिशाली हुन्छ भने यसले प्रतिरोध जन्माउँदैन । बोलेको कुरा प्रश्न गर्न सकिन्छ, तर देखेको व्यवहारलाई प्रश्न गर्न गाह्रो हुन्छ । जब बाबुआमाले विभेदलाई सामान्य व्यवहारझैं प्रस्तुत गर्छन्, जब अन्यायलाई मौन स्वीकृति दिन्छन्, जब डरलाई बुद्धिमत्ता ठान्छन्- यी सबै संस्कार बनेर सन्तानमा सर्छन् ।

कसैले खुला रूपमा 'डराऊ' भनेको हुँदैन, तर डर नै सुरक्षित विकल्प हो भन्ने संस्कार निर्माण हुन्छ । संस्कार सधैं उज्यालो मात्र हुँदैन । यसले समाजका अँध्यारा पाटाहरू पनि पुस्तान्तरण गर्छ । जातीय घमण्ड, लैङ्गिक विभेद, वर्गीय अहंकार, परनिर्भरता, आत्महीनता- यी सबै संस्कारकै रूपमा हस्तान्तरण हुन्छन् । कुनै परिवारमा छोरीलाई मौन बस्न सिकाइन्छ, छोरा बोल्न सिक्छ । कसैले 'छोरी बोल्न नपाउँछ' भनेर लेखेको हुँदैन, तर व्यवहारले त्यही भाषा बोलिरहेको हुन्छ । यही मौन भाषा सबैभन्दा खतरनाक पनि हुन्छ, किनकि यसलाई चुनौती दिन शब्द नै हुँदैन ।

पुस्तान्तरण भन्नासाथ हामी प्रायः सम्पत्ति, नाम, संस्कार, थिति सम्झन्छौँ । तर संस्कारको पुस्तान्तरण कुनै यान्त्रिक उत्तराधिकार होइन । यो गहिरो नैतिक जिम्मेवारी हो । हामी हाम्रा सन्तानलाई के दिइरहेका छौँ भन्ने प्रश्नभन्दा गहिरो प्रश्न यो हो- हामी उनीहरूका




अगाडि कस्तो जीवन बाँचिरहेका छौँ । किनकि बच्चाले हामीले भनेको होइन, हामीले बाँचिरहेको जीवन पढ्छ ।

हामी तनावमा कसरी प्रतिक्रिया गर्छौँ, असफलतामा कसलाई दोष दिन्छौँ, शक्तिशालीको सामु कति झुक्छौँ, कमजोरप्रति कति कठोर हुन्छौँ- यी सबै संस्कारका जीवित वाक्यहरू हुन् । विद्यालयले ज्ञान दिन सक्छ, तर संस्कार दिन सक्दैन । ज्ञान बाहिरबाट आउँछ, संस्कार भित्रबाट बन्छ । संस्कार स्थिर वस्तु होइन । यो समयसँगै बदलिन्छ, बदलिनुपर्छ । यदि संस्कार परिवर्तनशील समयसँग संवाद गर्न सकेन भने, त्यो बोझ बन्छ । परम्पराको नाममा जड बनेको संस्कारले समाजलाई अघि बढ्न दिँदैन । तर विवेकसहित रूपान्तरित संस्कारले समाजलाई जरा र पखेटा दुवै दिन्छ । पहिले आज्ञापालनलाई सबैभन्दा ठूलो संस्कार मानिन्थ्यो । प्रश्न गर्नु असभ्यता ठानिन्थ्यो । आज प्रश्न गर्न सक्ने चेतना पनि संस्कारकै रूपमा स्वीकारिन थालेको छ । पहिले सहनशीलतालाई मौन सहनु ठानिन्थ्यो, आज अन्यायविरुद्ध बोल्न सक्ने साहस पनि सहनशीलताको उच्च रूप मानिन थालेको छ । यसले देखाउँछ- संस्कार कुनै ढुंगामा कुँदिएको शिलालेख होइन, यो नदीजस्तै बगिरहने चेतना हो ।

आधुनिकता र संस्कारलाई प्रायः विरोधी ध्रुवका रूपमा प्रस्तुत गरिन्छ । भनिन्छ- आधुनिकताले संस्कार नष्ट गर्‍यो । तर साँचो प्रश्न यो हो- के आधुनिकताले संस्कार नष्ट गर्‍यो, कि कमजोर संस्कार आधुनिकतासँग टिक्न सकेन ? प्रविधि, सूचना, विश्वव्यापी सम्पर्कले मानिसलाई विकल्प दिए । विकल्प आउँदा संस्कारको परीक्षा हुन्छ । जुन संस्कार विवेकमा आधारित हुन्छ, त्यो टिक्छ; जुन डर र अन्धविश्वासमा आधारित हुन्छ, त्यो भत्किन्छ । आज संस्कार केवल परिवारबाट मात्र होइन, स्क्रिनबाट पनि हस्तान्तरण हुन्छ । मोबाइल, सामाजिक सञ्जाल,

> *संस्कारको अन्तिम र सबैभन्दा गहिरो आयाम नैतिकता हो । कानुनले अपराध रोक्न सक्छ तर संस्कारले अपराध जन्मिन नदिन सक्छ । यदि समाजमा इमानदारी संस्कार बनेको छ भने निगरानीको आवश्यकता घट्छ ।*

भर्चुअल संसार- यी सबै नयाँ संस्कारका स्रोत बनेका छन् । बच्चाले अब बाबुआमाको मौन मात्र होइन, एल्गोरिदमको मौन पनि पढिरहेको छ । यस्तो समयमा परिवार र समाजको भूमिका झन् गम्भीर हुन्छ । किनकि मौन भाषा अब धेरै आवाजबीच हराउन सक्छ ।

संस्कारको अन्तिम र सबैभन्दा गहिरो आयाम नैतिकता हो । कानूनले अपराध रोक्न सक्छ, तर संस्कारले अपराध जन्मिन नदिन सक्छ । यदि समाजमा इमानदारी संस्कार बनेको छ भने निगरानीको आवश्यकता घट्छ । यदि करुणा संस्कार बनेको छ भने दण्डको कठोरता कम हुन्छ । यस अर्थमा संस्कार नै सभ्यताको अदृश्य मेरुदण्ड हो । हामी हरेक दिन संस्कार सिर्जना गरिरहेका छौँ- बोलेर मात्र होइन, मौन बसेर पनि । हामी के सहन्छौँ, के अनदेखा गर्छौँ, के सामान्य ठान्छौँ- यी सबै संस्कारका वाक्यहरू हुन् । त्यसैले संस्कारप्रति सचेत हुनु भनेको जीवनप्रति सचेत हुनु हो ।

संस्कार भनेको हामीले नबोली सिकाएका जीवनका पाठहरूको संग्रह हो । हामी हरेक क्षण भविष्यसँग संवाद गरिरहेका हुन्छौं- हाम्रो व्यवहारमार्फत, हाम्रो मौनतामार्फत, हाम्रो चयनमार्फत । यही मौन भाषा हो, जसले समय पार गर्छ, सभ्यता जोगाउँछ र मानवतालाई निरन्तर अर्थ दिन्छ । यदि हामीले यो भाषा बुझ्यौँ भने मात्र, हामी भविष्यसँग इमानदार हुन सक्छौँ । नत्र हामी मौनमै बोल्दै, मौनमै गलत कुरा सिकाइरहनेछौँ ।

## इतिहासमा आज

२७ जनवरी २०१० मा पोर्फिरियो लोबो सोसा होन्डुरसको नयाँ राष्ट्रपति बने । जससँगै २ वर्षदेखि सिर्जित संवैधानिक संकट अन्त्य भयो ।



२७ जनवरी २०११ मा सानामा १६ हजारभन्दा बढी प्रदर्शनकारीहरूले प्रदर्शन सुरु गरेसँगै यमनी क्रान्ति सुरु भएको थियो ।



२७ जनवरी २०१३ मा ब्राजिलको सान्ता मारिया सहरको नाइटक्लबमा आगलागी हुँदा २४२ जनाको मृत्यु भएको थियो ।



२७ जनवरी २०२३ मा पूर्वी जेरुसेलमको नेभे याकोभमा रहेको एक यहूदी प्रार्थनास्थलमा गोलीबारी हुँदा ७ जनाको मृत्यु भएको थियो भने अन्य ३ जना घाइते भएका थिए ।



# भौतिकवाद र भाववाद

विचार



● शम्भू पनेरू

> *द्वन्द्वात्मक भौतिकवाद केवल दर्शन मात्र होइन, संसारलाई बुझ्ने वैज्ञानिक दृष्टिकोण हो । मार्क्सवादको अन्तर्वस्तु यही हो, जसले समाज, इतिहास र वर्गसंघर्षलाई पनि भौतिक आधारमा विश्लेषण गर्छ ।*

भौतिकवाद र भाववादबीचको बहस दर्शनको इतिहासजत्तिकै पुरानो छ । संसार के हो, यसको मूल तत्व के हो र परिवर्तन कसरी हुन्छ भन्ने प्रश्नमा यी दुई धाराहरू आमनेसामने उभिएका छन् । भौतिकवादी दृष्टिकोण अनुसार यो विश्व वा प्रकृति सूक्ष्म पदार्थ कणहरू र तिनको निरन्तर गतिशील संयोजनबाहेक केही होइन । जे देखिन्छ, जे अनुभव गरिन्छ र जे परिवर्तनशील छ, सबै पदार्थकै रूप हो । पदार्थभन्दा बाहिर कुनै स्वतन्त्र सत्ता, चेतना वा रहस्यमय शक्ति छैन । यसको विपरीत भाववादी दृष्टिकोणले पदार्थभन्दा बाहिर पनि केही अतिरिक्त तत्व रहेको दाबी गर्छ, जसलाई प्रायः चेतना, आत्मा, ईश्वर वा विचारको रूपमा प्रस्तुत गरिन्छ ।

मानव सभ्यताले आफ्नो वरिपरि निर्माण गरेका सबै संरचना, उपकरण र प्रविधिहरू प्रकृति विज्ञानले प्राप्त गरेको परीक्षणयोग्य र प्रमाणित ज्ञानकै आधारमा बनेका हुन् । पुल, भवन, औषधि, ऊर्जा उत्पादनका साधन वा सूचना प्रविधि, सबै पदार्थ र ऊर्जाका नियमहरूको प्रयोगबाट सम्भव भएका छन् । पदार्थ र ऊर्जाको अविनाशीपनको सिद्धान्तजस्ता वैज्ञानिक नियमहरूले यो कुरा स्पष्ट गर्छन् कि संसार कुनै भावनात्मक कल्पनामा होइन, ठोस भौतिक यथार्थमा आधारित छ । भाववादी व्याख्याले यस्ता वस्तुगत प्रमाण दिन सक्दैन । त्यसको आधार प्रायः व्यक्तिगत विश्वास, परम्परा वा पूर्वाग्रहमा सीमित हुन्छ । तर्क र प्रमाणको अभावमा यस्तो व्याख्यालाई गम्भीर विमर्शको केन्द्रमा राख्नुको औचित्य रहँदैन ।

पदार्थका प्रत्येक इकाइहरू एकअर्कासँग निरन्तर अन्तरक्रियामा हुन्छन् । सूक्ष्म तहमा यी अन्तरक्रियाहरू टकराहट, आकर्षण, विकर्षण र विस्थापनका रूपमा प्रकट हुन्छन् । कणहरूको स्तर बढ्दै जाँदा यस्ता संकेतहरूको संख्या र जटिलता पनि बढ्दै जान्छ, जसको समुच्चयबाट चेतना जन्मिन्छ । कुनै पनि पदार्थ इकाइ आफ्नो अवस्थालाई जोगाइराख्न खोज्छ भने वरपरका इकाइहरूले त्यस अवस्थामा परिवर्तन ल्याउने प्रयास गर्छन् । यही प्रक्रियाले प्रकृतिमा सन्तुलन र असन्तुलन दुवै सिर्जना गर्छ । यो प्रक्रिया द्वन्द्वात्मक विकासको आधारभूत नियम, विपर्ययहरूको एकता र संघर्ष, अनुसार निरन्तर चलिरहन्छ ।

जब असंख्य सूक्ष्म कणहरू एकसाथ संगठित हुन्छन्, तब ठूला कण, परमाणु र अन्ततः विभिन्न पिण्डहरूको निर्माण हुन्छ । मात्राको वृद्धिसँगै संयोजनको विविधता बढ्छ र त्यसबाट गुणात्मक रूपमा नयाँ तत्वहरू उत्पन्न हुन्छन् । साधारण अणुहरूबाट जटिल जैविक अणुहरूको निर्माण हुनु यही प्रक्रियाको परिणाम हो । जीवनको उदय कुनै चमत्कार होइन, बरु दीर्घ भौतिक प्रक्रियाको स्वाभाविक नतिजा हो । यो द्वन्द्वात्मक विकासको अर्को आधारभूत नियम, मात्रात्मक परिवर्तनले गुणात्मक परिवर्तन निम्त्याउँछ, को स्पष्ट उदाहरण हो ।

पदार्थका इकाइहरूबीचको सहअस्तित्व र विरोधको प्रक्रिया कहिल्यै रोकिन्न । कुनै गुणात्मक परिवर्तन भएपछि भूमिकाहरू उल्टिन्छन् । पहिले परिवर्तन चाहने तत्वहरू अब नयाँ अवस्थालाई स्थिर राख्न खोज्छन् भने पहिले स्थिरता चाहने तत्वहरू नै अब नयाँ परिवर्तनको वाहक बन्छन् । यसरी विकास सधैं सरल रेखामा होइन, तर चरणगत र द्वन्द्वात्मक रूपमा अघि बढ्छ । यो प्रक्रिया द्वन्द्वात्मक विकासको तेस्रो नियमअनुसार चल्छ ।

विकासको क्रमसँगै अणुहरू, पदार्थ पिण्डहरू, प्राकृतिक प्रक्रियाहरू र चेतनाहरू झन् जटिल बन्दै जान्छन् । तर जटिलता जति बढे पनि द्वन्द्वात्मक नियमहरू हरेक तहमा समान रूपमा क्रियाशील रहन्छन् । कुनै पनि स्तरमा पुगेर प्रकृति यी नियमहरूबाट मुक्त हुँदैन । समाज, इतिहास र मानव चेतनासमेत यही भौतिक नियमहरूको उच्च रूप मात्र हुन् ।

प्रकृतिमा रहेका सबै वस्तु र प्रक्रियाहरू भौतिक हुन् र ती निरन्तर परिवर्तनशील छन् । यही सत्यलाई द्वन्द्वात्मक भौतिकवाद भनिन्छ । यो केवल दर्शन मात्र होइन, संसारलाई बुझ्ने वैज्ञानिक दृष्टिकोण हो । मार्क्सवादको अन्तर्वस्तु यही हो, जसले समाज, इतिहास र वर्गसंघर्षलाई पनि भौतिक आधारमा विश्लेषण गर्छ । सर्वहारा वर्गको भौतिक-सामाजिक चेतनाको मूल पनि यही दृष्टिकोण हो, जसले कल्पना होइन, यथार्थलाई परिवर्तनको आधार बनाउँछ ।

## सामाजिक सञ्जाल



यादव देवकोटा

सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागमा मुद्दा छ । चार/पाँच वर्षदेखि पावरको भरमा अनुसन्धान रोकाएर राखिएको छ । अब पावर सिफ्ट हुने स्थिति छ । अनि कांग्रेसले जोगाइदिने अवस्था पनि छैन । त्यसैले कांग्रेस नछोडे के गर्नु ? रास्वपा जाने - सम्पत्ति शुद्धीकरणको मुद्दाबाट जोगिने !



केकी अधिकारी

बहस र प्रश्नले नै लोकतन्त्रलाई बलियो बनाउँछ । प्रश्न नगर्ने र जवाफ नखोज्ने बानीको परिणाम हामीले धेरै पटक भोगिसकेका छौँ । आगामी निर्वाचनको सन्दर्भमा अब त्यस्तो छुट कसैलाई छैन- न जनप्रतिनिधिलाई, न राजनीतिक दललाई, न हामी नागरिकलाई । सजग प्रश्न, स्पष्ट जवाफ र सचेत मतदान नै आजको आवश्यकता हो ।



शरदराज पाठक

भदौ २३/२४ को घटना जाँचबुझ गर्न बनेको कार्की आयोगले म्याद थप गरेको गर्‍यै छ । आयोगको प्रतिवेदन सार्वजनिक नगरी र दोषीमाथि अत्यावश्यक कारबाही आरम्भ नगरी निर्वाचनमा जाँदा त्यसले राजनीतिमा अर्को तहको जटिलता र उच्च संवेदनशीलता थप्नेछ । पहिला आयोगको रिपोर्ट, अनि निर्वाचन । 'नो छलछाम' ।



रमेश कँडेल

विदेशमा बस्ने वा स्वदेशमा बस्ने - सबैभन्दा बढी बाहुन क्षेत्री रहिछन् रास्वपावाला । बरु अरू जातजातिले आफ्नै किसिमको राजनीतिक विचार बोकेर हिँडेका छन् । यी जाती जस्तो अवसरवादी अरू हुन्नन् । उसै देश बिगार्ने सबैभन्दा बढी बाहुन । कर्मचारी होस् कि राजनीतिज्ञ !

# एकै स्थानबाट सूर्योदय, सूर्यास्त र रेडपाण्डा अवलोकन

**इलाम/मस–** आन्तरिक तथा बाह्य पर्यटकको आवागमन बढ्दै गएसँगै इलामको माईजोगमाई गाउँपालिका-२ स्थित थुम्केरानी आहाल भञ्ज्याङ्ग क्षेत्र निजी लगानीको महत्वपूर्ण केन्द्र बन्दै गएको छ। प्राकृतिक सौन्दर्य, जैविक विविधता र हिमश्रृंखलासँगै यहाँबाट एकै स्थानमा उत्कृष्ट सूर्योदय र सूर्यास्त दुवै दृश्य अवलोकन गर्न सकिने विशेषताले यस क्षेत्रको पहिचान थप बलियो बनेको छ। स्थानीयवासी र पर्यटकका अनुसार यहाँको सूर्योदय दृश्य इलामकै चर्चित अन्तु डाँडाभन्दा पनि खुला र प्रभावशाली मानिन्छ।



